भरतपुर खानेपानी व्यवस्थापन वोर्ड ,भरतपुर चितवन

कार्यकारी निर्देशकको पदपुर्ति सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०७।१९

१. भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कार्यकारी निर्देशक पदमा नियुक्तिको लागि आवश्यक योग्यता पुगेका नेपाली नागरिकहरुवाट यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र नागरिकता, शैक्षिक योग्यता, पेशागत संगठनको सदस्यता (आवश्यक पर्नेको हकमा) , उमेर खुल्ने प्रमाण, अनुभव र तालिमको प्रमाणपत्रहरुको प्रतिलिपि र उम्मेदवारको BIO- Data सहित रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

२. दरखास्त फारम यस वोर्डको कार्यालयबाट निशुल्क प्राप्त गर्न सकिनेछ । साथै बोर्डको वेभ साईट www. bwsmb.org.np बाट समेत डाउनलोड गर्न सकिनेछ । दरखास्तसाथ बोर्डको प्राईम कमर्शियल बैंक स्थित खाता नम्बर ००३०१०००००००६७००१४२ मा रु २०००। (दुई हजार रुपैयाँ) नगद जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।

३. आवश्यक न्युनतम योग्यता :

(क) दरखास्त दिने अन्तिम मितिसम्म ४५ वर्ष उमेर पुरा भई ६० वर्ष ननाघेको ।

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ्ग, व्यवस्थापन, वित्त, वाणिज्यशास्त्र, कानून, जनप्रशासन वा अर्थशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर गरेको वा उल्लेखित विषयहरुमा स्नातक उपाधि हासिल गरि कम्तीमा ३ वर्षको व्यवस्थापकिय अनुभव भएको ।

४. देहायका व्यक्तिहरु कार्यकारी निर्देशकको पदमा नियुक्तिको लागि अयोग्य मानिनेछन :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहरिएको,

(ख) भविष्यमा सार्वजनिक निकायको सेवाको निमित्त अयोग्य ठहरिने गरी त्यस्तो सेवावाट वर्खास्त गरिएको

५ .दरखास्त पेश गर्ने उम्मेदवार कुनै सरकारी वा गैर सरकारी संघ संस्थामा कार्यरत रहेको भए सम्बन्धित संस्थाको No Objection Letter दरखास्तसाथ पेश गर्नुपर्नेछ ।

६. उम्मेदवार छनौटका लागि मूल्याङ्कनका आधार :

(१) रितपूर्वकका उम्मेदवारहरुमध्ये निम्न वमोजिम प्रथम चरणको मूल्याङ्कनवाट बढी अङ्क प्राप्त गर्ने बढीमा ५ जना उम्मेदवारहरु दोस्रो चरणको व्यवसायिक योजना प्रस्तुतीकरण र अन्तर्वार्ताका लागि छनौट गरिनेछ । दोस्रो चरणको मुल्याङ्कन पश्चात सम्पुर्ण मूल्याङ्कनको आधारमा सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई सफल उम्मेदवार र त्यसपछि दोस्रो बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई वैकल्पिक उम्मेदवारको रुपमा छनौट गरिनेछ ।

(क) प्रथम चरण : शैक्षिक योग्यता, तालिम, अनुभव र कार्यपत्र लेखन

(ख) दोस्रो चरण : व्यवसायिक योजना प्रस्तुतीकरण र अन्तर्वार्ता

(२) प्रथम र द्वितीय चरणका परीक्षाहरुको मूल्याङ्कनको आधार, वोर्ड सम्बन्धि विभिन्न ऐन, नियम तथा नियमावलीहरु वोर्डका गतिविधि सम्बन्धि प्रतिवेदनहरु वोर्डको वेभ साईटबाट हेर्न वा कार्यालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ

७. पदावधि : कार्यकारी निर्देशकको पदावधि बढीमा ५ (पाँच) वर्षको हुनेछ ।

८. सेवा तथा सुविधा : भरतपुर खानेपानी व्यवस्थापन वोर्ड नियमावली २०६६, प्रचलित कानुन र वोर्डको निर्णय अनुसार कायम हुनेछ ।

९. दरखास्त दिने अन्तिम मिति : यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिन भित्र कार्यालय समयमा वोर्डको भरतपुर १० स्थित कार्यालयमा दरखास्त पेश गर्नु पर्नेछ ।

१०. कार्यपत्र लेखन सम्बन्धि लिखित परिक्षा संचालन हुने मिति पछि सार्वजनिक गरिनेछ ।

सम्पर्क ठेगाना : भरतपुर खानेपानी व्यवस्थापन वोर्डको कार्यालय, भरतपुर चितवन

फोन नम्बर : ०५६-५२३७३२ , इमेल : info@bwsmb.org.np

छनौट उप समिति